# राप्ती नगरपालिका नगर सभाको १७ अधिवेशनमा उपप्रमुख श्री देवेन्द्र लामाबाट प्रस्तुत गर्नु भएको आय र व्ययको अनुमान सहितको बजेट बक्तव्य २०८३

*राप्ती नगरपालिका*
*नगर कार्यपालिकाको कार्यालय*
*भण्डारा, चितवन*

अध्यक्ष महोदय,

आज सम्वत २०८३ साल असार ०९ गते म यस नगरपालिकाको उपप्रमुखको हैसियतले श्रीमान् प्रमुखज्यूको निर्देशन बमोजिम यस गरिमामय राप्ती नगर सभाको सत्रौं अधिवेशनमा नगर कार्यपालिकाले आगामी आर्थिक बर्षको लागि तय गरेको राजश्व तथा व्ययको अनुमान (बजेट) प्रस्तुत गर्न गईरहेको छु ।

यस गौरवशाली क्षणमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका खातिर विभिन्न कालखण्डमा भएका ऐतिहासिक जनआन्दोलन तथा घटनाहरुमा बलिदानी पूर्ण जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहिदहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दछु ।

स्थानीय तह सदस्य निर्वाचन, २०७९ बाट विभिन्न पदमा निर्वाचित भई आएका हामी निर्वाचित पदाधिकारीहरुले यस नगरपालिकामा मितव्ययी, विवेकपूर्ण, प्रभावकारी र जनउत्तरदायी रुपमा स्रोतको परिचालन गर्नुपर्दछ भन्ने मान्यताका साथ बजेट तर्जुमा गरेका छौं । बजेट निर्माणको क्रममा संविधानले व्यवस्था गरे अनुसारका नागरिकका मौलिक हक र अधिकार को रक्षा गर्दै उनीहरुको आर्थिक सामाजिक कल्याणका निमित्त नागरिकको सबैभन्दा नजिकको सरकारको रुपमा जनमुखी र जनउत्तरदायि सार्वजनिक सेवा प्रवाहमा अधिकतम् ध्यान दिइएको छ।

श्रद्धेय प्रमुख महोदय,

अव म  राप्ती नगरपालिकाको चालु आर्थिक वर्षको आर्थिक गतिविधि तथा वजेट कार्यान्वयनको समिक्षा गर्ने तथा संशोधित आयव्याय प्रस्तुत गर्न अनुमति चाहन्छु ।

चालु आर्थिक आर्थिक वर्षको संशोधित आयव्यायको विवरण देहाय अनुरोध रहेको छ ।

| क्र.सं. | स्रोत समूह | बजेटको स्रोत/तह | प्रासिको श्रोत | आय तर्फ | | व्यय तर्फ | |
|---|---|---|---|---|---|---|---|
| | | | | वार्षिक अनुमानित आय | संसोधित आय | वार्षिक अनुमानित खर्च | संसोधित खर्च |
| १ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | १६,५०,००,०००.०० | १५,०८,९२,५००.०० | १६,५०,००,०००.०० | ३५,९५३,७१५ |
| २ | संघीय सरकार | नेपाल सरकार | शसर्त अनुदान चालु | ३४,२७,००,०००.०० | ३४,५७,२०,०००.०० | ३४,२७,००,०००.०० | २४०,७५७,००० |
| ३ | संघीय सरकार | नेपाल सरकार | शसर्त अनुदान पुँजीगत | ५१,००,०००.०० | ५१,००,०००.०० | ५१,००,०००.०० | २,४२५,००० |
| ४ | संघीय सरकार | नेपाल सरकार | विषेश अनुदान पुँजीगत | २,१५,००,०००.०० | ० | २,१५,००,०००.०० | - |
| ५ | संघीय सरकार | नेपाल सरकार | समपुरक अनुदान पुँजीगत | ८७,००,०००.०० | ० | ८७,००,०००.०० | - |
| ६ | प्रदेश सरकार | बागमती प्रदेश | समानिकरण अनुदान | १,६८,४६,०००.०० | १,६८,४६,०००.०० | १,६८,४६,०००.०० | ४८७,९९७ |
| ७ | प्रदेश सरकार | बागमती प्रदेश | शसर्त अनुदान चालु | ३,४९,५६,०००.०० | ३,४९,५६,०००.०० | ३,४९,५६,०००.०० | १९,३८९,००२ |
| ८ | प्रदेश सरकार | बागमती प्रदेश | शसर्त अनुदान पुँजीगत | ७५,००,०००.०० | ७५,००,०००.०० | ७५,००,०००.०० | - |
| ९ | प्रदेश सरकार | बागमती प्रदेश | विषेश अनुदान चालु | ६५,००,०००.०० | ० | ६५,००,०००.०० | - |
| १० | प्रदेश सरकार | बागमती प्रदेश | समपुरक अनुदान पुँजीगत | १,८४,००,०००.०० | ० | १,८४,००,०००.०० | - |
| ११ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | ६,०८,२०,५४०.०० | ३,५३,५१,५७६.९५ | ६,०८,२०,५४०.०० | ११,३७८,४३२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | ५,९०,००,०००.०० | ३,०५,०६,३५६.०० | ५,९०,००,०००.०० | १०,५७५,०१४ |
| १३ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | १४,७६,३५,३०९.०० | १३,४३,५०,३८३.८२ | १४,७६,३५,३०९.०० | ८१,४३२,९२० |
| १४ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | २४,४७,६६,८६७.२९ | ३,००,६७,२५६.३२ | २४,४७,६६,८६७.२९ | ७६,८४२,५४१ |
| जम्मा | | | | १,१३,९४,२४,७१६.२९ | ७९,१२,९०,०७३.०९ | १,१३,९४,२४,७१६.२९ | ४७९,२४१,६२१ |

चालु आर्थिक वर्षको असार मसान्त सम्मको आम्दानी तथा असार मसान्त भन्दा सात(७) दिन अघि सम्म खर्च गरी बाँकी रहेको तथा रकमान्तरण र स्रोतान्तरण गरी बाँकी रहेको रकमलाई समेत यसै संसोधित आय व्ययको हिस्सा मान्ने व्यवस्था मिलाएको छ।

सभाध्यक्ष ज्यू,

अब म चालू आर्थिक वर्षमा आत्मसात गरिएका केहि उल्लेखनिय उपलब्धिहरु यस सम्मानित सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

- नगरपालिकाबासीहरुको व्यावसायिक कृषितिर आकर्षण बढेको छ। टनेल निर्माण गरी मौसमी तथा बेमौसमी तरकारी खेति गर्ने प्रचलनमा प्रगति भएको छ। दुर्गम भेगका वडाहरुमा व्यवसायिक तरकारी खेति तथा बाख्रापालनमा उल्लेख्य सम्भावना देखिएको छ।
- स्वास्थ्य क्षेत्रमा भण्डारा नगर अस्पताललाई नगरपालिकामै वीमा सुविधासहितको स्वास्थ्य संस्थाको रुपमा सवलीकरण गरी सेवा प्रवाह गरिएको छ। नगरपालिकाको सम्पूर्ण वडाहरुमा विभिन्न सहयोगी संस्थाहरुको सहकार्यमा स्वास्थ्य शिवीरहरु सञ्चालन, अपाङ्गता परिक्षण तथा सहायक सामाग्री वितरण, विद्यालयमा विद्यार्थी संख्याको आधारमा विद्यालय मर्जर योजनाको कार्यान्वयन, गुणस्तरीय शैक्षिक जनशक्तिको प्राप्ति, बालविवाह न्युनीकरणमा सचेतना विस्तार लगायत सामाजिक क्षेत्रमा गुणात्मक उपलब्धीहरु आत्मसाथ गरिएको छ।
- एनजिओहरुसँगको समन्वय विगतमा भन्दा प्रभावकारी भएको, वितरणमुखि परियोजनाहरुमा नियन्त्रण गर्दै जनतालाई दीर्घकालिन लाभ पुग्ने किसिमका परियोजनाहरुमा लगानी गराईएको छ। यहाँ कार्यरत एनजीओहरुसँगको सहकार्यमा खानेपानी योजना निर्माण र सञ्चालनमा उल्लेख्य प्रगति भएको छ ।
- स्थानीय कच्चा पदार्थमा आधारित साना घरेलु उद्योगहरु कागज उद्योग, दुना टपरी उद्योग लगायतको सम्भावना देखिएको छ ।
- राजमार्ग देखि नगरपालिकासम्मको पहुँचमार्गहरु व्यवस्थित भएको छ, सडक स्तरीय बन्दै गएको छ, नयाँ ट्र्याक ओपनको योजनाहरुमा उल्लेख्य रुपले न्युनीकरण भई महत्वपुर्ण ग्रामीण सडकहरुको स्तरीकरण भएको छ । पहाडी भेगका वडाहरुमा पक्कि नाला स्ल्याव ढलान तार जाली तथा रिटेनिङ्ग वाल निर्माण जस्ता स्थायी संरचना मार्फत सडकलाई हिउँदे बर्षा दुबै समयमा चल्ने बनाउने कार्य शुरुवात भएको छ।
- नगरपालिकामा रिक्त रहेको प्रशासनिक तथा प्राविधिक जनशक्तिको पदपुर्ती भई सेवा प्रवाहमा सहजता भएको छ।
- नगरपालिकाको राजश्व प्रणाली, जिन्सी व्यवस्थापन प्रणाली, हाजीरी प्रणाली, घटना दर्ता प्रणाली, एकिकृत कार्यालय व्यवस्थापन प्रणाली, योजना सम्झौता तथा भुक्तानी अन्य सेवा प्रवाहलाई अनलाईन प्रणालीमा आवद्ध गराई सेवाको गुणस्तर तथा पारदर्शिता अभिवृद्धि गरिएको छ।

आदरणीय सभाध्यक्ष ज्यू,

राप्ती नगरपालिकाले आफ्नो चौतर्फी विकासमा धेरै चुनौती एवं समस्याहरु पार गर्दै नगरपालिकाको सर्वपक्षीय विकासमा यथासक्य रुपमा अगाडी बढिरहेको छ। तथापि नगरपालिकाको अधिकांश भुभागमा भौगोलिक विकटता, हावापानी, सांस्कृतिक एवं सामाजिक विविधताका दृष्टिले यस नगरपालिकाको विकास निर्माण कार्य सवै वस्ति र समाजमा सहज छैन। यिनै विविधता माझमा राप्ती नगरपालिकाले निम्न चुनौतीको सामना गर्दै विकास निर्माणमा अगाडि बढ्नु परेको छ।

- नगरपालिकाबाट हुने गरेको यूवा जनशक्ति पलायन रोक्नु चुनौतिपुर्ण बनेको छ ।
- यहाँको केही विकट पहाडी धरातल, खेतियोग्य जमिनको ह्रास, गुणस्तरीय विकासको पूर्वाधारहरुको विकास गर्न नसकीनु, विपद्जन्य जोखिमहरुको कारणले गर्दा हामीले सोचे अनुरुप यस भुगोलको विकास गर्न सकिरहेका छैनौं ।
- दीर्घकालिन ठुला संरचनाहरु पक्कि पुल, गुणस्तरीय सडक, पर्यटन पूर्वाधारहरु निर्माणको लागि नगरपालिकाको सिमित स्रोतले नपुग्ने र संघीय तथा प्रादेशिक सरकारहरुको हाम्रो क्षेत्र तर्फको दृष्टि पनि न्यायपूर्ण नहुँदा हामी आर्थिक सामाजिक रुपले केहि पछाडी पर्नुपरेको तितो यथार्थ हामीमाझ छ।

यी विविध चुनौती र समस्या हुँदाहुँदै पनि समयानुकुल सामाजिक चेतनाको परिवर्तनसँगै यी सवै चुनौतीहरुलाई क्रमशः सामना गर्दै अगाडि बढन सक्ने क्षमता समाजमा रहेको हुँदा राप्ती नगरपालिका सर्वपक्षीय सहकार्यका साथ राप्ती नगरवासिको उक्त क्षमताको उपयोग गर्दै अघि बढ्न दृढ संकल्प लिएको छु ।

श्रद्धेय नगर प्रमुख महोदय,

आगामी आर्थिक वर्षका लागि वजेट तर्जुमा गर्दा देहाय बमोजिमका आधारहरु लिइएको छ ।

१. नेपालको संविधानले निर्दिष्ठ गरेका राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु,
२. नेपाल सरकारको चालु आवधिक योजनाले निर्धारण गरेका लक्ष्य रणनीति तथा प्राथमिकताहरु,
३. नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम,
४. दिगो विकास लक्ष्यहरुले निर्धारण गरेका प्रमुख क्षेत्रहरु,
५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेका व्यवस्थाहरु,
६. स्थानीय तहको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७८ ले गरेका व्यवस्थाहरु,
७. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
८. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
९. नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट समय समयमा प्राप्त मार्गदर्शन तथा निर्देशनहरु,
१०. प्रदेश सरकारले तय गरेको बार्षिक नीति तथा कार्यक्रम,
११. प्रदेश सरकारका विषय क्षेत्रगत नीतिहरु तथा योजनाहरु,
१२. राजनैतिक दलहरु, विषयगत कार्यालय, गै.स.स., नीजि क्षेत्र तथा नागरिक समाजबाट प्राप्त सुझावहरु,
१३. वस्ति स्तरीय भेला/वडा भेला, वडा समितिबाट प्राथमिकीकरण, राजश्व परामर्श समिति, विभिन्न क्षेत्रगत समितिहरु, बजेट तर्जुमा समिति हुँदै सहभागितामूलक र समावेशी योजना तर्जुमा प्रकृयाद्धारा प्राथमिकीकरण सहित प्राप्त भएका योजनाहरु,
१४. वडा कार्यालयबाट प्राप्त तथ्यांक एवं सूचनाहरु, आदि ।

श्रद्धेय नगरसभा अध्यक्ष ज्यू,

अब म यस सम्मानित सभा समक्ष प्रस्तुत वजेटका आधारभूत सोच निम्नानुसार रहेको जानकारी गराउन चाहन्छु ।

दुरदर्शी, जनसहभागितामूलक र जनउत्तरदायी विकास प्रशासन मार्फत आन्तरिक क्षमताको विकास गर्दै भौतिक पूर्वाधार, आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रको विकास गरी समृद्ध र अनुकरणीय स्थानीय तहको रुपमा यस नगरको सुन्दर भविष्य कोर्ने यस बजेटको आधारभूत सोँच रहेको छ ।

नगर प्रमुख महोदय,

उल्लेखित आधारभूत सोँच पुरा गर्न आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तुत वजेटका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

- संविधानको कार्यान्वयनमा नेपाल सरकार, प्रदेश सरकारलाई सहयोग र समन्वय गर्ने,
- भ ौतिक पूर्व ाधारको निर्माण तथा नागरिकको क्षमता अभिवृद्धि मार्फत रोजगारीका अवसरहरु वृद्धि गर्दै आर्थिक समता कायम गर्ने,
- रापती नगरपालिकाको चौतर्फी विकासका लागि सरकारी श्रोत परिचालनलाई प्रभावकारी बनाउने,
- नगर कार्यपालिका र अन्तर्गतका वडा कार्यालयहरुबाट प्रदान गरिने सेवामा आम नागरिकको सहज पहुँच स्थापित गर्ने,
- विकासका हरेक क्रियाकलापमा नागरिकको सहभागितालाई सुनिश्चित गरी नागरिकको क्षमता विकास र श्रोतको उच्चत्तम उपयोगलाई सुनिश्चित गर्ने ।

उल्लेखित सोच र उद्देश्य अनुरुपको उपलव्धी हासिल गर्न वजेटमा निम्न प्राथमिकताहरु निर्धारण गरिएको छ ।

१. शिक्षा, स्वास्थ्य, पोषण, खाद्य सुरक्षा तथा सम्प्रभुता
२. खानेपानी, सरसफाई, वातावरण संरक्षण, भूक्षेत्र एवं प्राकृतिक स्रोतको दीगो उपयोग,
३. भौतिक तथा आर्थिक पूर्वाधारको विकासमार्फत जिविकोपार्जन सुधार,
४. कृषि, पशुपालन, मौरिपालन क्षेत्रको आधुनिकीकरण, विविधिकरण र व्यवसायीकरण,
५. सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको साझेदारीबाट पर्यटन क्षेत्रको विकास र प्रवद्र्धन,
६. रोजगारमूलक समावेशी आर्थिक विकास,
७. सार्वजनिक सेवा प्रवाहमा सुधार र सुशासन प्रवद्र्धन,
८. वन, वातावरण र जलवायु परिवर्तन,
९. मानव अधिकार, एकल महिला, ज्येष्ठ नागरिक, अपाङ्गगता भएका व्यक्ति, दलित र विपन्नको सशक्तिकरण ।

आदरणीय नगर प्रमुख महोदय,

अब म यिनै उद्देश्य, चुनौती र प्राथमिकताका आधारमा रापती नगरपालिकाको आ.व २०८३/०८४ को लागि तयार पारिएको बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**नगरसभा अध्यक्ष महोदय,**

अब म आर्थिक बर्ष २०८३।८४ का लागि अनुमानित कुल आयको विवरण प्रस्तुत गर्न चाहन्छु।

अनुमानित आयको स्रोतगत विवरण

| क्र.सं. | स्रोत समूह | प्राप्तिको श्रोत | आ.व. २०८३/०८४ का लागि अनुमान |
|---|---|---|---|
| क | नगरसभाबाट विनियोजन हुने रकम जम्मा | | ६१२३०६९०० |
| १ | संघीय सरकार | समानिकरण अनुदान सुत्रमा आधारित | ३०००००० |
| २ | संघीय सरकार | समानिकरण अनुदान न्यूनतम आधारित | ५२५००००० |
| ३ | संघीय सरकार | समानिकरण अनुदान कार्य सम्पादनमा आधारित | १११२००००० |
| ४ | राजस्व बाडफाड | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १०७२८९००० |
| ५ | राजस्व बाडफाड | बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | ४५९८१००० |
| ६ | प्रदेश सरकार | समानिकरण अनुदान | १५०९७००० |
| ७ | प्रदेश सरकार | राजश्व बाँडफाँड | ५९७३९९०० |
| ८ | आन्तरिक स्रोत(स्थानीय राजश्व बाँडफाँड र मालपोत दस्तुर समेत) | | ७०००००० |
| ९ | अल्या बचत | अनिवार्य दायित्व भुक्तानी | |
| ९.१ | अल्या वचत २०८०/०८१ | अनिवार्य दायित्व भुक्तानी हुने पुजीगत | १०००००००० |
| ९.२ | अल्या वचत २०८१/०८२ | अनिवार्य दायित्व भुक्तानी हुने पुजीगत | १०००००००० |
| ९.३ | अल्या वचत २०८२/०८३ | अनिवार्य दायित्व भुक्तानी हुने | २५०००००० |
| १० | अल्या वचत | नयाँ कार्यक्रम विनियोजन | १०२५००००० |
| ख | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम, सशर्त अनुदान | | ३६३८००००० |
| ११ | संघीय सरकार | शसर्त अनुदान | ३६३८००००० |
| ग | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम, सशर्त अनुदान | | ४९११९००० |
| १२ | प्रदेश सरकार | शसर्त अनुदान | ४९११९००० |
| क+ख+ग | कुल जम्मा | | १०२५२२२९०० |

## व्याय तर्फ

| क्र.सं. | व्यय क्षेत्रगत सिमा | स्रोत | आ.व. २०८३/०८४ का लागि अनुमानित बजेट | आ.व. २०८२/०८३ का लागि स्वीकृत |
|---|---|---|---|---|
| १ | कार्यपालिका प्रशासनिक खर्च व्यवस्थापन | | १३८८०६९०० | |
| २ | शिक्षा | | ७००००००० | + |
| ३ | भण्डारा अस्पताल सञ्चालन तथा व्यवस्थापन अनुदान | | १००००००० | |
| ४ | स्वास्थ्य शाखा | | २००००००० | |
| ५ | पशुपन्छि विकास शाखा | | १००००००० | |
| ६ | कृषि शाखा | | १००००००० | |
| ७ | महिला बालबालिका शाखा | | २०००००० | |
| ८ | सूचना प्रविधि शाखा | | १०००००० | |
| ९ | सामाजिक संघसंस्था सहकार्य | | १०००००० | |
| १० | विपद तथा प्रतिकार्य | | ५०००००० | |
| ११ | रोजगार प्रवर्धन | | १०००००० | |
| १२ | उद्यम विकास शाखा | | १०००००० | |
| १३ | न्यायिक समिति तथा मेलमिलाप | | १०००००० | |
| १४ | आयुर्वेद औषधालय | | १०००००० | |
| १५ | सहकारी तथा उद्योग पर्यटन | | १०००००० | |
| १६ | खेलकुद विकाश शाखा | | २५००००० | |
| १७ | दलित लक्षित कार्यक्रम | | १०००००० | |
| १८ | जनजाति लक्षित दलित | | १०००००० | |
| १९ | विपन्न आवास निर्माण | | ३०००००० | |
| २० | अन्तराष्ट्रिय तथा राष्ट्रिय निकायसंगको सहकार्य तथा समन्वय | | २०००००० | |
| २१ | भुमी सम्वन्धी | | २५००००० | |
| २२ | समपुरक | | १८०००००० | |
| २३ | १३ वडा कार्यालय तथा नगर स्तरिय कार्यक्रम | | २८२५००००० | |
| जम्मा प्रस्ताव | | | **६१२३०६९००** | |

अन्त्यमा, प्रस्तुत बजेट निर्माणको क्रममा आवश्यक मार्गदर्शन तथा सल्लाह सुझाव प्रदान गर्नुहुने आदरणीय नगर प्रमुख, कार्यपालिका सदस्यहरु, नगरसभा सदस्यहरु, राजनैतिक दल, राष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज, निजी क्षेत्र, सञ्चार जगत लगायत सम्बन्धित सम्पूर्ण महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । संगसंगै यो बजेट तथा नीति कार्यक्रमको कार्यान्वयनमा सबै नगरबासीहरुको सुझाव, सहयोग रहने अपेक्षा गर्दछु । धन्यवाद ।

देवेन्द्र लामा

नगर उपप्रमुख